म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३५ मंगलबार २ साउन २०८० ने. सं. ११४३ अनलागा 18 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

विषादीको प्रयोग भएको खाद्यवस्तु, फलफूल एवं तरकारीको उपभोगबाट प्यारालाइसिस, हृदयघात तथा मृत्युसमेत हुनसक्ने भएकोले त्यस्ता वस्तुको उपभोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ट्राफिक कारबाहीबाट मकवानपुरमा ३ करोड ६९ लाख संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले १ वर्षको अवधिमा ३ करोड ६९ लाख ६७ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । ट्राफिक कार्यालय मकवानपुरले गत वर्ष २०७९/८० को १ वर्षको अवधिमा मादकपदार्थ सेवन गरि सवारी चलाउने, लेन अनुशासन कायम नराख्ने, जथाभावी सवारी पार्किङ गर्ने, तोकिएको भन्दा बढी भाडा लिनेलगायतका कार वाहीबाट राजश्व संकलन गरेको हो । कार्यालयले ४७ हजार ८ सय ९९ सवारी साधन कारवाही गरे बापत यो रकम संकलन गरेको जनाएको छ ।




आर्थिक वर्ष २०७६/७७ मा कार्यालयले १ करोड ८ लाख ९१ हजार ५ सय रुपैयाँ संकलन गरेको थियो । त्यसैगरी आर्थिक वर्ष २०७७/७८ मा २ करोड ४५ लाख ८८ हजार ५ सय रुपायाँ र आर्थिक वर्ष २०७८/७९ मा २ करोड ३६ लाख ९० हजार ५ सय राजश्व संकलन गरेको थियो । गत वर्ष २०७९/८० मा १ वर्षको अवधिमा संकलन भएको राजश्व गत वर्षहरुको तुलनामा सबैभन्दा बढी हो ।

कार्यालयले चालु आर्थिक वर्षको साउन महिनामा २४ लाख ६ हजार ५ सय रुपैयाँ, भदौ महिनामा २५ लाख ४९ हजार रुपैयाँ, असोज महिनामा २५ लाख ५७ हजार रुपैयाँ राजश्व संकलन गरेको थियो । त्यसैगरी कार्तिक महिनामा २९ लाख ७५ हजार ५ सय रुपैयाँ, मंसिरमा २२ लाख ५२ हजार ५ सय रुपैयाँ, पुसमा २९ लाख १० हजार रुपैयाँ, माघ महिनामा ३० लाख ४७ हजार ५ सय रुपैयाँ, फागुनमा २७ लाख ९९ हजार ५ सय रुपैयाँ र चैत महिनामा ३० लाख ९२ हजार रुपैयाँ राजश्व संकलन गरेको जिल्ला ट्राफिक कार्यालय मकवानपुरले जनाएको छ ।

त्यसैगरी, कार्यालयले बैशाख महिनामा ३७ लाख ७८ हजार ५ सय रुपैयाँ संकलन गरेको छ भने जेठ महिनामा ४० लाख ४७ हजार ५ सय रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ । जिल्ला ट्राफिक कार्यालय मकवानपुर असार महिनामा भने सबैभन्दा धेरै ४५ लाख ४९ हजार ५ सय रुपैयाँ राजश्व संकलन भएको जनाएको छ । कारबाहीमा परेका सवारीमध्ये सबैभन्दा धेरै मोटरसाइकल रहेको कार्यालयले जनाएको छ ।

गत वर्ष २०७९/८० मोटरसाइकल मात्रै १३ हजार ३ सय २७ कारबाहिमा परेको थियो । त्यसैगरी दोश्रो नम्वरमा जिप/कार रहेका छन् । गत वर्ष १० हजार १ सय १२ वटा जिप कार कारबाहीमा परेको थियो । ९ हजार ३ सय ९ ट्रक/ट्याङ्कर/टिपर कारबाहीमा परेर तेश्रो नम्वरमा रहेको छ भने ८ हजार १ सय १४ टेम्पो/अटो/ईरिक्सा र अन्य कारबाहीमा परेका छन् । त्यसैगरी गत वर्षमा ५ हजार ३ सय ९३ यात्रुबस कारबाहीमा परेका छन् भने १६ सय ४४ ट्याक्टर कारबाहीमा परेको जिल्ला ट्राफिक कार्यलय मकवानपुरका प्रहरीनिरीक्षक बसन्त आचार्यले जानकारी दिए ।

जिल्ला ट्राफिक कार्यालय मकवापुरका प्रमुख प्रहरीनिरीक्षक आचार्यले भने, 'सवारी नियम उलङ्घन गर्ने सवारीलाई कारवाही गर्दा यो राजश्व संकलन भएको हो ।' सवारीसाधन कारबाही गर्ने नाममा ट्राफिकले अनावश्यक दुःख दिने गरेको सार्वजनिक यातायात ब्यवसायीले बताउँदै आएका छन् । बढी राजश्व संकलन गर्ने होडबाजीमा ट्राफिक प्रहरीले बेलाबेलामा अनावश्यक झन्झट दिने गरेको र सामान्य कमीकमजोरीलाई पनि सम्झाउने कार्य नगरी जरिवाना तिराउने गरेको यातायात ब्यवसायीले आरोप लगाएका छन् ।

# हेटौंडामा दुई डायलासिस मेसिन थपियो

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/हेटौंडा उपमहानगरपलिकाले मिर्गौला डायलासिस सेवालाई थप प्रभावकारी बनाउन हेटौंडामा दुईवटा मेसिन थप गरेको छ ।



मिर्गौलाका बिरामीलाई लक्षित गर्दै उपमहानगरले आरोग्य फाउण्डेसनले हेटौंडा-११ चुरेहिलमा सञ्चालन गरेको दुई मेसिन हेटौंडा अस्पतालमा रहेको हेटौंडा डायलासिसमा थप गरेको हो । चुरेहिलमा डायलासिस उपचार बन्द भएपछि मेसिनलाई हेटौंडामा डायलासिसका लागि प्रयोगमा ल्याउन उपमहानगरले फाउण्डेसनसँग सहकार्य गर्दै सोमबारबाट अस्पतालमा थप मेसिन सञ्चालनमा ल्याएको नगरप्रमुख मीनाकुमारी लामाले जानकारी दिएकी छन् । मेसिन बन्द हुँदा चुरेहिलमा उपचार लिँदै आएका बिरामी सेवाबाट बञ्चित हुने र सेवा लिनका लागि बाहिर जिल्लाका अस्पतालमा डायलासिस गर्न जानुपर्ने बाध्यता रहेको थियो ।

उपमहानगरको पहलपछि उनीहरुले उपचार सेवा हेटौंडामै पाउने अवस्था बनेको हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा.रामचन्द्र सापकोटाले बताए । थप दुई मेसिन सुचारु गर्ने कार्यक्रम उपमहानगरका नगरप्रमुख लामाको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा नगरप्रमुख लामाले निजी तथा सामाजिक संस्थाको सहयोगमा उपमहानगरले सुरु गरेको डायलासिस सेवालाई थप प्रभाकारी बनाउन लाग्नुपर्ने बताइन् । स्वास्थ्य र शिक्षाको अवस्था कमजोर भएकै कारण बाह्य जिल्लाका मानिसको नजर हेटौंडामा परेको उनले बताइन् ।


कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य सेढाईंले खानपान र औषधिजन्यपदार्थको सेवनमा ध्यान नदिँदा किड्नीका बिरामीको संख्या अधिक मात्रमा बढेको बताए । उनले रोगको उपचार भन्दा पनि त्यसको निरुत्साहनको पाटोमा ध्यान दिन आवश्यक रहेको बताए । उनले स्थानीय तहका काममा प्रशासन सहयोगी बन्ने विश्वास दिलाए । कार्यक्रममा हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईंले अहिले पनि डायलासिस सेवा लिनका लागि ४५ जना बिरामी पर्खाइमा रहेको बताए । उनले हेटौंडा डायलासिसबाट हप्तामा १ सय १० जना सेवाग्राहिलाई उपचार सेवा दिनुपर्ने अवस्था रहेको बताए ।

कार्यक्रममा उपमहानगरका प्रवक्तासमेत रहेका हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौंपाने, वडा नम्बर १० का वडाध्यक्ष फुर्वा दोर्जेलामाले स्वास्थ्य सेवा प्रवाहका सन्दर्भमा आफ्नो धारणा राखेका थिए । हाल हेटौंडा अस्पतालले १३ वटा मेसिनबाट डायलासिस उपचार सेवा दिँदै आएको छ । डायलासिस गर्ने एउटा मेसिन मर्मतको क्रममा रहेको अस्पतालले जानकारी दिएको छ ।









साझाकुरा

## हाम्रो कुरा

# छोटो बाटो, लामो यात्रा

हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग (भैंसे-कुलेखानी-फाखेल-फर्पिङ-बल्खु) को स्तरोन्नति गर्ने काम धेरै वर्षदेखि जारी छ । कुलेखानी जलविद्युत आयोजनाले विद्युत उत्पादनगृह निबुवाटारबाट जलासय (बाँधस्थल) जानका लागि निजी प्रयोजन मात्र भनेर खनेको सडक नै अहिले सार्वजनिक सडक भएको छ । भीमफेदी-देउराली-हेभी खण्डको १६ किलोमिटर सडक खण्ड कुलेखानी जलविद्युत परियोजनाको निजी प्रयोजन भनेर खनिएको सडक हो । सरकारले यही सडकलाई बेकल्पिक सडकको रुपमा स्तरोन्नति गर्न थालेको पनि वर्षौं भयो । प्राधिकरणले बनाएको साँघुरो र जोखिमयुक्त सडक नै अहिले संघीय राजधानी काठमाडौं र बागमती प्रदेश राजधानी हेटौंडा जोड्ने सबैभन्दा छोटो मार्ग बनेको छ । यस सडकबाट दैनिक हजारौं सवारीसाधन गुड्ने गरेका छन् ।

करिब ८० किलोमिटर दुरी रहेको छोटो मार्गअन्तर्गत् भीमफेदी-कुलेखानीको १६ किलोमिटर मात्रै कालोपत्रे छ तर, धेरै जोखिम युक्त । साँघुरो सडकमा अत्याशलाग्दो मोडले यात्रुहरुको ढुकढुकी बढाउने भीमफेदी-कुलेखानी सडक छ । त्यस बाहेक भैंसेदेखि भीमफेदीसम्म, कुलेखानीदेखि फाखेल हुँदै फर्पिङ र कुलेखानी हुँदै सिस्नेरी-छैमले र फर्पिङ सडक खण्डको कन्तबिजोगलाई धेरै यात्रुले पटक-पटक सम्झन चाहँदैनन् । तर, जोखिमकै छोटोमार्ग प्रयोग गरेर हेटौंडा-काठमाडौं यात्रा गर्न यात्रु बाध्य छन् । विगतमा नागरिकले दैनिक गुनासो गर्दा पनि सरकारको चासो नपर्दा सडक स्तरीकरण हुन सकेको छैन । विगत ६ वर्षदेखि राज्य पुन:संरचना पश्चात प्रदेश सरकार स्थापना भएपछि बागमती प्रदेशका सांसदहरु निरन्तर हेटौंडा-काठमाडौं यात्रारत् छन् । हाल जनता र सांसदहरुको दु:ख, पीडा र हैरानी भने एउटै छ । यतिसम्मकी सांसदहरुले ६ वर्षदेखि छोटोमार्ग स्तरीकरणको आवाज सदनमा उठाए पनि हालसम्म अवस्था उस्तै छ । काठमाडौंबाट हेटौंडा पुग्ने छोटो बाटोको रामकहानी बर्खायाममा बढी चर्चा हुने गरेको छ । बर्षातमा सडक अवरुद्ध हुँदा हेटौंडा पुग्न अझै बढी समय लाग्ने गर्छ । सडकमा पहिरोको जोखिम धेरै छ । जोखिम मोलेर सांसदलगायत प्रदेशका कर्मचारीहरु आउजाउ गर्छन् । अझ मनसुनको समयमा पहिरो खसिरहने र बाटो कच्ची भएकोले पनि संघीय राजधानीबाट प्रादेशिक राजधानी पुग्न निकै समय लाग्छ । त्यसैको मारमा परेका छन् सर्वसाधरणदेखि प्रदेशसभा सांसदसम्म । २०७६ पुस २७ गते प्रदेश ३ को स्थायी राजधानी हेटौंडा घोषणा भएको थियो । सिन्धुलीबाट हेटौंडा जोड्ने सडक स्तरीय भएपछि सिन्धुलीका सांसदलाई सहज भएको छ । चितवनबाट हेटौंडा यात्रा गर्न बिगतमा पनि सहजै थियो ।

बागमतीको राजधानी हेटौंडा राख्ने पक्षको मतदानमा हेटौंडाको पक्षमा १०५ मत र विपक्षमा ३ मत परेको थियो । सत्तारुढ नेकपासहित मुख्य दलले राजधानी हेटौंडाको पक्षमा मतदान गरेपछि दुई तिहाइभन्दा धेरै मतले हेटौंडा राजधानीका रुपमा कायम भएको थियो । यसरी हेटौंडालाई नै राजधानी बनाउन मत दिने सांसदहरु नै हेटौंडामा बास बस्दैनन् । हेटौंडामा राजधानी भइरहँदा सडकको अवस्थाले काठमाडौंबाट आउने प्रदेश सासंदहरुलाई पनि निकै असहज भएको छ । मनसुनको समयमा ओहोरदोहोर गर्नुपर्ने सडकको बिजोग, बाटोमा पहिरो पनि त्यत्तिकै जाने सडक अवरुद्ध हुँदा प्रदेशको महत्वपूर्ण बैठकमा समेत सहभागी हुन नपाउनेजस्ता विभिन्न समस्यामा छन् सांसदहरु । बागमती प्रदेशसभामा समितिको महत्वपूर्ण बैठकहरु हुँदा बर्खामा बाटोमा पहिरो गएर घन्टौसम्म अवरुद्ध हुने गरेको र सांसदहरु बीच बाटोमा फस्ने गरेका छन् । हाल १ सय १० जना सांसद रहेको प्रदेशसभामा केन्द्रीय राजधानी हुँदै हेटौंडा आउने सासंदको संख्या ८० जनाभन्दा बढी रहेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन ३ गते बुधबार १९ जुलाई २०२३ । द्वितीया, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | तुला | : पठन-पाठनमा प्रगति हुनेछ |
| वृष | : शुभ समाचार मिल्नेछ | वृश्चिक | : सभा-समारोहमा अवसर मिल्नेछ |
| मिथुन | : व्यापार लाभप्रद रहनेछ | धनु | : आत्मविश्वासमा कमी आउनेछ |
| कर्कट | : सन्तानको चिन्ता बढ्नेछ | मकर | : व्यापारमा हानि हुन सक्नेछ |
| सिंह | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | कुम्भ | : समाजमा सराहना हुनेछ |
| कन्या | : रोकिएका काम सम्पादन हुनेछन् | मीन | : मन प्रसन्न रहनेछ |

# आरक्षणको अर्थ नातावाद र कृपावाद होइन



✍ अमृता लम्साल




औंलामा गनिने महिलालाई पनि राजनीतिक दलमा हालीमुहाली गर्ने पुरुषहरुको "नातेदार" भएको कारणले मात्रै अगाडि ल्याइन्छ। यहाँ बुझ्न नसकिने कुरो के हो भने, त्यस्ता हकहितका कुरा समाजका प्रभावशाली वर्गहरूकै लागि अगाडि सारिएको हो त ?

देशमा चलिरहेको वा भइरहेको कुनै सामाजिक आन्दोलनको उद्देश्य कोही पनि तत् पदमा बस्न वा त्यस पदबाट प्राप्त हुने व्यक्तिगत फाइदाको लागि पक्कै होइन । ती आन्दोलनमा लाग्ने व्यक्तिहरूलाई आशा हुन्छ कि जब सम्बन्धित व्यक्तिहरू पदमा आसीन हुन्छन् तब ती व्यक्तिहरूले आफूपछिका पिंढीका लागि पहिलेको भन्दा उनीहरूको नेतृत्व लिएको समयमा राम्रो अवस्था र स्थिति सृजना गरून् ।

यो कुरा समाजको हरेक तह र तप्कामा लागू गरिनुपर्थ्यो तर, यो कुरा लेखे, बोले र आशा गरे जस्तो सजिलो छैन । यो कुरा जनजाति, यौनिक अल्पसंख्यक, आदिवासी, दलित, महिला सबै समूहमा लागू हुनुपर्छ भन्ने सामान्य व्यक्तिको सोच हो तर, त्यो भइराखेको देखिन्न ।

यहाँ, एउटै लेखमा सबै विषय र समूहको कुरा समेट्न खोज्नु भनेको हुटिट्याउँले आकाश थाम्न खोजे जस्तै हो त्यसैले, यहाँ केवल महिलाका कुरा मात्रै उठाउन चाहन्छु । नेपालमा महिला आन्दोलन धेरै अगाडि सुरु भएको हो, ती आन्दोलनहरू कहिले औपचारिक भएर अगाडि देखिए, कुनै बेला छरपस्ट भएर व्यक्ति व्यक्तिको विचारको रुपमा देखिए ।

सरकारले महिलाहरूको कुरा कहिल्यै पनि सजिलोसँग सुनेको देखिंदैन तर, अन्तर्राष्ट्रिय दबाबकै कारण भए पनि तत्कालीन श्री ५ को सरकारले सन् १९९१ अप्रिल २२ देखि लैंगिक न्यायको पक्षमा बनेको संयुक्त राष्ट्रसंघीय उपकरण, 'महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (कन्भर्सन अन द इलिमिनेसन अफ अल फ्रमस् अफ डिस्क्रिमिनेशन अगनेष्ट वुमन (सीईडीएडब्लु) को पक्ष राष्ट्र बनेको छ ।

यसले नेपालको संविधान तथा ऐन कानुनहरू, उक्त सन्धिसँग बाझिने हदसम्म खारेज गरेर अर्को कानुन, नीति, नियमको व्यवस्था गरिनुपर्ने हो र थियो । तर, त्यसो भइरहेको छैन भन्ने उदाहरण धेरै पाइन्छन्, तत्कालको उदाहरण हाल सालैको नागरिकता कानुन हेरे पुग्छ ।

लेख्दा र पढ्दा तीतो लाग्ला तर, यदि नेपालले विश्व समुदायमा अनुहार देखाउन नपर्ने र त्यसबाट आउन सक्ने समस्या सामना गर्न नपर्ने हो भने, दातृ संस्थालाई दुहुनो गाईको रुपमा उपयोग गर्ने स्वार्थ नहुने हो भने, महिलालाई अगाडि बढाउन हाल भइरहेको कानुन, नीति इत्यादि बन्ने थियो भन्ने कुरामा शंकै लाग्छ ।

हुनत, नेपालमा महिलालाई प्राथमिकतामा राखेर नीतिनिर्माण गर्ने सोच छैटौं पञ्चवर्षीय योजना (२०३७-२०४२) बाट मात्रै आएको होह त्यो पनि त्यत्तिकै होइन । सन् १९७५ मा मेक्सिकोमा भएको महिला सम्मेलन, जसमा नेपालले पनि भाग लिएको थियो त्यसपछि, संयुक्त महासंघले उक्त वर्षलाई 'अन्तर्राष्ट्रिय नारी वर्ष' र सन् १९७६ देखि १९८५ सम्मलाई नारी दशकको रुपमा मनाउन आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गऱ्यो ।

सदस्य राष्ट्र भएको नाताले नेपाललाई पनि आफ्नो देशमा महिला विकासका कार्यक्रमहरू चलाउन दबाब पऱ्यो । त्यसपछिका दिनहरूमा नेपालमा महिलाहरूको आर्थिक, राजनैतिक, सामाजिक विकासमा विशेष पहलहरू सुरु भए ।

ती दिनहरूमा दातृ संस्थाहरूको के भूमिका थियो, त्यो अर्को खोजको विषय हुनसक्छ तर, त्योभन्दा धेरै अगाडि नै, महिला विकासको नाममा त होइन, सरकारकै नाममा विकासे फन्ड आउन सुरु गरिसकेको उदाहरण सन् १९६५ मा नेपालमा विदेशी सहायता र राजनीति विषयमा अक्सफोर्ड युनिभर्सिटी प्रेसले प्रकाशित गरेको एउटा लेखमा रहेछ ।

युगेन ब्रेमर मिहेली नामक व्यक्तिले लेखेको उक्त लेख (जसलाई 'हिमाल साउथएशिया' ले सन् २००२/०३ तिर आफ्नो प्रकाशनमा पुन: प्रकाशन गरेको छ)मा भनिएको छ- 'यो छलफलकै विषय हो, नेपालले सहायता पचाउँछ कि, सहायताले नेपाललाई पचाउँछ । नेपालमा सहायताको बारेमा गहिरिएर गर्नुपर्ने अनुसन्धानलाई वास्तै गरिएको छैन ।'

उक्त उदाहरण प्रस्तुत गर्नुको कारण, नेपालको महिला विकासमा सरकारले, जनताको करबाट उठाएको पैसा भन्दा बढी पैसा, विदेश र विदेशी संस्थाबाट ल्याएर खर्च गरेको छ । त्यसरी ल्याइएको पैसाको कति प्रतिशत विकासमा खर्च गरिए वा कति व्यक्तिको पक्षमा गए, त्यसको बहस छुट्टै होला ।

नेपालमा पञ्चायतकालदेखि नै महिला विकासको अवधारणा सुरु भए पनि त्यसलाई जोडतोडसाथ प्रचारप्रसार गरिएको ९० को दशकपछि नै हो । अझ प्रष्ट भन्नुपर्दा सन् १९९५ को चौथो विश्व महिला सम्मेलनपछि त जताततै महिला विकास/महिला हककहित र चेतना जगाउने नारा खुबै सुनिन्छन् ।

यसै क्रममा उठ्यो, आरक्षण या सकारात्मक विभेदको कुराह यो पनि विदेशबाटै सिकेको भन्दा फरक नपर्ला ।

सकारात्मक विभेद भनौं वा आरक्षण या कोटा सिस्टम जे भने पनि विभेदमा परेको या पिछडिएको वर्गलाई अगाडि ल्याउनको लागि तयार गरिएको विशेष कानुन या नीतिको पहिलो सूत्रपात, संयुक्त राज्य अमेरिकामा सन् १९६१ मार्च ६ तारिखको दिन, तत्कालीन राष्ट्रपति जोन एफ केनेडीको पालामा 'एक्ज्युकेटिव अर्डर नम्बर १०९२५' बाट सुरु भएको देखिन्छ । उक्त एक्ज्युकेटिव अर्डरले कामदारहरूलाई उनीहरूको जाति, रङ, जन्मिएको देशका आधार आदिमा फरक नगरी बराबरीको व्यवहार गर्नुपर्नेछ भनिएको थियो । तत्पश्चात्, त्यसैलाई निरन्तरता दिंदै, सन् १९६५ मा अमेरिकाका तत्कालीन राष्ट्रपति लिनडेन बि जोन्सनले 'एक्ज्युकेटिव अर्डर ११२४६' जारी गरे ।

त्यसभन्दा अगाडि नै, सन् १९६४ मा 'द सिभिल राइट्स एक्ट अफ १९६४' आइसकेको थियो जुन एक्टले जाति, धर्म, लिंग र राष्ट्रियताको आधारमा विभेद गर्न नपाइने, बराबरको व्यवहार हुनुपर्ने कुरालाई कानुनी दायरामा ल्याइसकेको थियो । यस्तै कानुनहरूबाट पिछडिएका र सीमान्तकृत वर्गलाई विशेष व्यवस्था गरेर भए पनि अगाडि ल्याउने सोच अगाडि बढ्दै गयो ।

नेपालले पनि महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको पक्ष राष्ट्र बनेपछि थुप्रै विभेदकारी कानुन उन्मूलन गर्दै गएको देखिन्छ- सिवाय, नागरिकता ।

नेपालको सरकारले सकारात्मक विभेदकै नीति पालना गरेर २०५८ देखि महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छुट दिन थाल्यो । त्यो छुट दिने ऐनअनुसार महिला, दलित, अपाङ्गता भएकोमध्ये कम्तीमा ३३ प्रतिशतलाई समावेश गरी १०० भन्दा बढी नेपाली नागरिकलाई वर्षभरि प्रत्यक्ष रोजगार दिने उद्योगलाई सो वर्षमा लाग्ने करमा २० प्रतिशत छुट दिने व्यवस्था छ ।

आर्थिक ऐन, २०७३ ले महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखित रजिष्ट्रेसन दस्तुरमा २५ प्रतिशत छुट हुने व्यवस्था छ ।

शिक्षा ऐन, २०२८ अनुसार सामुदायिक विद्यालयहरूमा छात्रालाई नि:शुल्क शिक्षा प्रदान गर्ने एवं संस्थागत विद्यालयहरूमा महिला विद्यार्थी समेतका लागि १० प्रतिशत नघट्ने गरी छात्रवृत्तिको व्यवस्था छ । यस्ता थुप्रै ऐन कानुन बनेका र बन्दै पनि छन् । तर, यो लक्षित समूहसम्म पुगेको छ त ? त्यस्तो पटक्कै लाग्दैन । यो, बोल्न सक्ने र पहुँच भएका वर्गहरूमधै सीमित भइदियो ।

स्मरणीय छ, 'महिला विकास'को प्रसंग उठाउँदा, 'राजनीतिमा महिला' पनि एक महत्वपूर्ण विषय हो । त्यो बाहेक सबै क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता हुनैपर्ने भन्ने नाराले त गाउँ-बस्ती सबैतिर घन्काएको भान हुन्थ्यो ।

यस्तो लाग्दथ्यो, नेपाली महिलाहरु अधिकारको कुरामा धेरै शक्तिशाली भइसके । यसका लागि विदेशबाट सहयोगको खोलो बगेको छ । तर, साँच्चै भन्नुपर्दा के-कति प्रगति भएको छ त ? भएकै छैन भन्ने तर्क पनि यो पंक्तिकार को होइन । तर, जसरी हुनुपर्थ्यो त्यसरी पक्कै हुनसकेको छैन ।

कारण, पहिलो त सरकारको तर्फबाट जे-जति नीति-नियम बनाइन्छ, त्यो साँच्चै लागू गर्नभन्दा पनि देशले हरेक चार वर्षमा जेनेभास्थित ह्युमन राइट काउन्सिल (संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्) मा आफ्नो देशको मानवअधिकारको स्थितिबारे प्रतिवेदन बुझाउँदा आफ्नो देशको अवस्था नराम्रो नदेखियोस् भनेर मात्रै गरेको हो कि ? जस्तो पनि लाग्दछ ।

दोस्रो, नेपालको महिला विकासको सबैभन्दा ठूलो कमजोरी भनौं वा दातृ संस्थाहरुको चातुर्य, उनीहरु आफूलाई सफल देखाउन केवल निश्चित व्यक्तिहरुको समूहलाई मात्रै आर्थिक रुपले पक्षपोषण गरिरहेछन् । यो कुरा रात-दिन देख्नेहरुको आँखामा त सामान्य नै लाग्ला तर कुनै संघ-संस्थासँग संलग्न नभइकन केलाउने हो भने दातृ संस्थाहरुले तिनै औंलामा गनिने व्यक्तिबाहेक अरुलाई कता र कसरी अगाडि बढाएका छन् त ?

आज पनि तिनै व्यक्तिहरु अग्रपंक्तिमा आउँछन्, जो करिब दुई दशकभन्दा अगाडिदेखि यो संस्था वा त्यो संस्थामा हालीमुहाली गरिरहेका छन् । त्यसैले पनि जब राजनीतिक वा अन्य गतिविधिमा महिलालाई अगाडि ल्याउने कुरो आयो कि त 'महिला नै पाइँदैनन्' भनिन्छ ।

ती औंलामा गनिने महिलालाई पनि राजनीतिक दलमा हालीमुहाली गर्ने पुरुषहरुको 'नातेदार' भएको कारणले मात्रै अगाडि ल्याइन्छ । यहाँ बुझ्न नसकिने कुरो के हो भने, त्यस्ता हककहितका कुरा समाजका प्रभावशाली वर्गहरूकै लागि अगाडि सारिएको हो त ?

तेस्रो कुरा, महिला आन्दोलनले उठाएका कुनै विषय पनि दिगो लक्ष्यका साथ अगाडि बढेको देखिंदैन । उदाहरणका लागि अन्तर्राष्ट्रिय नाराका साथ कुनै मुद्दा उठाइन्छ, त्यसका लागि फन्ड आउन्जेल सो मुद्दा अगाडि बढ्छ । फेरि अन्तर्राष्ट्रियस्तरमै नारा फेरिन्छ र जब फन्ड आउँदैन, त्यो विषय बीचमै छाडिदिइन्छ ।

यो कुरा शतप्रतिशत लागू नहोला तर, प्राय: त्यस्तै देखिन्छ । यसको दोषी पक्ष सरकार पनि हो । किनकि, महिला विकासको सन्दर्भमा सरकारी पक्ष उदासीन नै छ । सरकारले आजसम्म जे जस्तो पहल गरेको छ सायद, संयुक्त राष्ट्रसंघीय एजेन्सीहरुको पहल तथा दबाब नहुँदो हो त यस हिसाबले अगाडि बढ्ने थिएन ।

यदि महिला सक्षम छैनन् भन्ने लाग्छ भने हरेक राजनीतिक दलले आफ्ना दलबाट चुनिएर गएका महिलाहरुलाई एकत्रित गरेर केही दिनको 'बुट क्याम्प स्टाइल'को ट्रेनिङ दिनै पर्दछ । त्यहाँ उनीहरुलाई देशको आर्थिक, राजनीतिक, कूटनीतिक लगायत महिला आन्दोलनका वर्तमान अवस्थाबारे सम्बन्धित विषयका विज्ञहरुबाट गम्भीरतापूर्वक जानकारी दिने मात्रै होइन कि भविष्यका लागि के-कस्तो योजना बनाउनुपर्दछ भनेर पनि सचेत गराउन सकिन्छ ।

यसको राम्रो उदाहरण, अमेरिकाको सन् २००८ को राष्ट्रपतीय चुनावमा रिपब्लिकन उम्मेदवार जोन मकेनले आफ्नो टिममा उपराष्ट्रपतिको उम्मेदवारको लागि अलास्काकी गभर्नर शेरा पेलिनलाई पूरै टिम राखेर राजनैतिक, कूटनीति, आर्थिक लगायत लुगा लगाउने समेतका कुरामा प्रशिक्षण दिइएको तथ्य उनको बारेमा बनेको पोलिटिकल ड्रामा 'गेम चेन्ज'मा देख्न सकिन्छ ।

र, आरक्षण र समावेशिताको कुरा गर्दा सबैभन्दा महत्वपूर्ण कुरा नेता पत्नी, उनका नातेदार र समाजका तर मार्न निपुणहरूलाई मात्र अगाडि सारिनु भएन ।

यसै सन्दर्भमा, सामाजिक न्यायको बारेमा कविता तथा लेखको माध्यमबाट आवाज उठाइरहने युवा अध्येता सुमिनालाई प्रश्न राख्दा जवाफ थियो- 'अहिले पनि संरचनात्मक लाभांश लिन नपाउने वर्गलाई आरक्षण वा सकारात्मक विभेदको अति नै खाँचो छ ।' हाम्रो जस्तो समाज जहाँ अल्पसंख्यकबाट बहुसंख्यक शोषणमा छन्, त्यो कतै जातको, लिङ्गको, भूगोल र सम्प्रदायको नाममा । आठ हजार वर्षदेखि महिला शोषणमा छन् भने चार हजार वर्षदेखि दलित शोषणमा छन् । मधेशी, जनजाति सीमान्त बनाइएका छन् । जसले हजारौं हजार वर्षदेखि संरचनात्मक लाभांशको उपभोग गर्दै आफ्नो सक्षमता र चेतनाको विकास गर्दै आयो त्यही वर्ग आज पनि शक्तिको शीर्ष स्थानमा पकड जमाएर बसेको छ ।

जुन वर्ग संरचनात्मक उत्पीडनको मारमा हजारौं वर्ष पिल्सियो, जुन भर्खर बामे सर्न खोजिरहेको छ त्यसलाई अन्य वर्चस्वशाली वर्गसँग समान प्रतिस्पर्धामा उतार्नु कतै न्यायोचित हुँदैन । दौडिरहेको र घस्रिरहेको वर्गको बीचमा समान प्रतिस्पर्धा होस् भन्नु प्रकारान्तरले असमानता नै हुन्छ । चेतनामा भर्खर बामे सर्न लागिरहेकाहरूलाई उकास्न र राज्यको निकायमा उनीहरूको पहुँचलाई पुर्याउन आरक्षण र सकारात्मक विभेदको अत्यावश्यक हुन्छ ।'

उहाँको भनाइमा, 'आर्थिक विपन्नता, मनोवैज्ञानिक अवस्थिति र सामाजिक वातावरणले पिंधका मानिसलाई पिंधमै राखिरहेको हुन्छ । यी तीनवटै कुरामा पिंधका मानिसलाई अतिरिक्त अधिकार वा अवसर दिएर मात्र त्यो संभव हुन्छ ।

राज्य भनेको सम्भ्रान्त वर्ग, पुरुष वर्चस्व मात्रै होइन सम्पूर्ण लिङ्ग, जातजाति, भूगोल, वर्ग सम्प्रदाय हो । असमान शक्ति सन्तुलनले पिछडिएको वर्गलाई मात्रै नभएर राज्यको विकासक्रमलाई पनि नकारात्मक प्रभाव पार्ने हुँदा राज्यलाई समावेशी बनाउनको निम्ति भुईंको तप्कालाई राज्यका विभिन्न निकायमा विशेष सहुलियत सहित सामेल गर्न आरक्षणहरूको व्यवस्था गर्नै पर्छ ।

एउटा भनाइ छ- 'असमान समाजमा समानताको नारा पनि असमानता नै हो ।' अवश्य पनि, जो एक कद माथि छ त्यो अलिकति नझुकी तलको मान्छे जति तन्किए पनि समान हुन सक्दैन । सबै खाले समानताको खास अवधारणा यही र यस्तै हो ।'

सकारात्मक विभेदको कुरा महिलालाई वा दलितलाई मात्रै वा अन्य कुनै सीमान्तकृत वर्गको लागि मात्रै आवश्यक हुने होइन बरु, उनीहरूलाई अगाडि ल्याउँदा समग्र देशलाई नै कति फाइदा हुन्थ्यो र हुन्छ भन्ने कुरा पनि सर्वसाधारणलाई सरकारले बुझाउन सकेको छैन ।

उदाहरणको रुपमा जलस्रोतविद् मधुकर पाध्यायको भनाइ छ- 'स्रोत व्यवस्थापन र खासगरी जलवायुको सवालमा विभेदको कुरो प्रष्ट देखिन्छ जुन आजसम्म सम्बोधन हुनसकेको छैन । वि.सं. २०१५ मा खुट्याएको बाढीपहिरोको समस्या आजसम्म सम्बोधन भएन, किनभने यसले पिर्ने त उही तल्लो वर्गलाई हो । यसले मलाई खान्छ त्यसैले मैले यसै विषयमा लेख्दै आएको पनि छु ।'

उहाँको विचारमा, 'प्रणालीगत विभेद हाम्रो समाज र स्थापित संस्थाहरूको जगमा र हिआएको छ । उच्च जातिका र शक्तिमा भएका पुरुषहरूबाट सीमान्तकृत बनाइएका महिला, दलित, अपाङ्गता भएका व्यक्ति र यौनिक अल्पसंख्यकलाई गरिने विभेदले तिनलाई झनै पछाडि धकेलेको छह डिसइम्पावर गरेको छ । मलाई लाग्छ सकारात्मक विभेदले यस्ता प्रणालीगत असमानता (इक्वालिटी एण्ड इक्युटी) लाई सम्बोधन गर्न मद्दत गर्दछ । यसैले वि.सं. २०६४ ताका नै राज्यले आरक्षणको नीति अवलम्बन गर्ने कार्यको प्रारम्भ गरेको हो, जसले महिला र सीमान्तकृत वर्गको राज्यका निकाय र प्रशासनमा सम्मानजनक उपस्थिति गराउने उद्देश्य लिएको पनि हो । निजामती ऐन कानुनलाई सोही बमोजिम परिमार्जन गरिएको थियो ।'

स्मरणीय छ, सरकारले २०६४ सालको पुस महिनादेखि आरक्षणको नीति अघि बढाएको थियो । उपाध्यायका अनुसार, 'प्रणालीगत विभेद संस्थागत भएको हाम्रो सामाजिक परिप्रेक्षमा, सीमान्तकृत वर्गको विकासमा बाधाको रुपमा रहेको विभेद अन्त्यको लागि प्रणालीमै सुधार गर्नुका साथै जुगौं पुरानो ऐतिहासिक भूलहरूलाई सच्याउने प्रयास आवश्यक छ । सायद, २०६४ को प्रयास त्यतैतिर केन्द्रित थियो ।

सकारात्मक विभेदले महिला र दलितलाई राज्यका निकायहरुमा उपस्थित गराउने वातावरण बनायो तर, त्यो प्रयासले समता स्थापित गर्न मद्दत गरेको भन्ने अवस्था छैन ।

उदाहरणको लागि नेपालको समग्र गरिबीको संख्या उल्लेख्य रुपमा घट्ता पनि दलित र सीमान्तकृत समूहको गरिबीको अवस्थामा त्यही अनुसारको सुधार हुनसकेको छैन । पुर्ख्यौली सम्पत्ति भएका र उच्च भनिने जातले मनग्य प्रगति गर्दा समेत त्यस्ता सम्पत्ति नभएका कथित तल्लो जातिका भने झन्-झन् पछाडि पर्दै जाने अवस्था बनेको छ । यी दुई वर्गका बीचको दुरी कहालीलाग्दो गरी बढेको छ ।

उहाँको विचारमा, 'सकारात्मक विभेद समता र समानताको बाटोको लागि राम्रो कदम हो । समग्र समाजको विकास विना प्रगति सम्भव छैन नै । किनकि, सीमान्तकृतप्रति गरिने विभेदले अन्याय बढाउँछ र समाजमा एकअर्काप्रति हुनुपर्ने सद्भाव प्रस्फुटित हुन पाउँदैन । समाज सायद पर्फेक्ट त हुँदैन तर, त्यस दिशातर्फ लैजाने प्रयास हुनुपर्दछ । विद्यमान जातीय, लैंगिक जस्ता विभेदलाई कम गर्दै समावेशी बनाउन धेरै काम गर्नुपर्दछ ।'

यी सबैका बाबजुद हामी अगाडि जान जति धेरै कोसिस गर्दै हुन्छौं, पछाडि फर्काउन पनि उत्तिकै जोड चलिरहेको भान हुन्छ ।

बल्लबल्ल २०६४ सालमा सूत्रपात गरेको सकारात्मक विभेद वा आरक्षण ठीक भएन र यसको काम छैन भनेर आवाज उठ्न थालेको छ । करिब एक वर्ष अगाडि राष्ट्रिय समावेशी आयोगले आरक्षण व्यवस्थालाई अल्पकालीन व्यवस्थाको रूपमा लिएर जतिसक्दो छिटो अन्त्य गर्नुपर्ने राय सुझाव राष्ट्रपतिसमक्ष पेश गरेको थियो । 'विद्यमान सरकारी सेवामा आरक्षणको प्रभाव अध्ययन प्रतिवेदन २०७९' शीर्षक अन्तर्गत सार्वजनिक भएको उक्त प्रतिवेदनलाई अधिकार कर्मीहरूले विरोध पनि गरेका थिए ।

तर, एउटा तीतो सत्य के हो भने आरक्षणको नाउँमा एउटै व्यक्ति दशकौंदेखि पद ओगटेर बस्ने, आफ्नै परिवारका सदस्य या नातेदारको लागि आरक्षण र कोटाको उपयोग गर्ने प्रवृत्तिचाहिं कडाइका साथ हटाउनै पर्दछ ।

*(साभार: अनलाइनखबर)*

### स्वदेशमा भविष्य नदेखेको युवा पुस्ता :

# विदेशिन चाहने विद्यार्थी संख्या अचाक्ली बढ्दो, एकलाख माथिले लिए एनओसी



काठमाडौं/साइकोलोजीमा स्नातक गरेकी झापाकी रिश्ता शंकर (२४) काम गर्दै स्नातकोत्तर पढ्ने सोचका साथ जागिरका लागि धेरै भौंतारिइन् । दुई वर्ष प्रयास गर्दा पनि मासिक १० हजारभन्दा बढी तलबको 'अफर' आएन । सकेसम्म विदेश जान्न भन्ने सोच बनाएकी रिश्ता आफ्नो योग्यता, क्षमता अनुसार जागिर नपाएपछि अन्तत: वैदेशिक अध्ययनमा क्यानडा जाने तयारीमा छिन् ।

वैदेशिक अध्ययन अनुमति पत्र शाखा, भक्तपुरमा भेटिएकी रिश्ताले निराशा पोखिन्, 'कम्तीमा काठमाडौंमा बसेर आफ्नो खर्च धान्न सक्ने जागिर पाएको भए म विदेश जान्नथें, तर खान-बस्न समेत नपुग्ने तलबको अफर हुन्छ । अनि विदेश नगएर के गर्ने ?'

पोस्ट ग्र्याजुएटका लागि कागजात रुजु गराउन पुगेकी रिश्ता क्यानडामा कम्तीमा क्षमता अनुसार जागिर वा दु:ख गरे अनुसार श्रमको मूल्य पाउनेमा आशावादी छिन् । सिभिल इन्जिनियरिङमा डिप्लोमा गरेका अंकित साह अष्ट्रेलिया जाने तयारीमा छन् । पढाइ अनुसार जागिर नपाएकाले विदेश जाने निर्णयमा पुगेको अंकितले सुनाए । 'पढेको छु, अब जागिर खान्छु भन्दा जागिरै पाउन्नँ । न सरकारले दिन्छ न प्राइभेट कम्पनीले दिन्छन्' उनी भन्छन्, 'आफैं गर्न पैसाले पुग्दैन ।' अष्ट्रेलिया पुगेका साथीहरूको सहयोग, सुझावका कारण विदेश जाने तयारी गरिरहेका उनले केही वर्ष कमाएर नेपाल फर्कने योजना समेत सुनाए ।

एचए पढेकी झापाकी चेतना विश्वकर्मा पनि क्यानडाको लागि तयारी गरिरहेकी छिन् । नेपालमा काम पाउन गाह्रो नभए पनि तलब ज्यादै न्यून हुने उनको अनुभव छ । 'सरकारीमा दरबन्दी नै हत्तपत्त खुल्दैन । निजीमा जागिर पाइन्छ, तर तलब खान-बस्नै नपुग्ने हुन्छ । बाहिर कम्तीमा काम अनुसारको तलब त पाइन्छ नि !' निराश भएर विदेश जान लागेकी चेतना भन्छिन् ।

कागजात रुजु गराउन वैदेशिक अध्ययन अनुमति पत्र शाखामा पुगेकी चेतनाले क्यानडामा अर्लि चाइल्डहुड एजुकेशनमा स्नातकोत्तर गर्ने योजना सुनाइन् ।

स्याङ्जाका विवश थापाले चार वर्षअघि कम्प्युटर इन्जिनियरिङमा स्नातक पूरा गरेका थिए । उनका थुप्रै साथी स्नातक सकिनासाथ अष्ट्रेलिया, क्यानडा लगायतका देश पुगे । उनीहरूले विवशलाई पनि जाउँ भनेका थिए, तर यहीं काम गर्ने भनेर रोकिए । चार वर्ष जागिर गर्दा जेनतेन आफ्नो खर्च जुटाए पनि पढ्दा लागेको ऋण तिर्न सकेनन् ।

'अहिलेसम्म पढ्दा लागेको खर्चको आधा जति तिर्न सकेको भए पनि जाने थिइनँ । त्यो भनेको यहाँ पनि अझै गर्न सकिन्छ भन्ने होप हो' उनी भन्छन्, 'तर अव नसकिने रहेछ भन्ने लाग्न थालेको छ ।'

त्यसैले अब बेलायत जाने प्रक्रियामा छु । आफू मात्रै नभएर अधिकांश युवा आफ्नो योग्यता, क्षमता अनुसारको जागिर नपाएकै कारण विदेश जाने गरेको उनले सुनाए । 'आमाबुवाले पढाइदिनुभयो । जागिर खान थालेपछि कमाएको केही प्रतिशत उहाँहरूलाई दिन पाए कति आनन्द हुन्छ, तर आफ्नै खर्च धान्न मुश्किल भयो' उनी भन्छन्, 'विदेश गइयो भने त केही न केही त होला नि !'

रिश्ता, चेतना, विवश मात्र होइन, विदेश जान कागजात रुजु गराउन वैदेशिक अध्ययन अनुमति पत्र शाखामा लाइन लागेकाहरूलाई सोध्यो भने कि त रोजगारी नभएर कि भविष्यको खोजीमा विदेश जान लागेको बताउँछन् ।

किनकि युवा पुस्तामा निराशामा छ । १० वर्ष लामो सशस्त्र विद्रोह र दोस्रो जनआन्दोलनको बलमा व्यवस्था परिवर्तन भयो । संविधानसभाले ८ वर्ष लगाएर नयाँ संविधान जारी गरेको पनि ८ वर्ष भइसक्यो, तर अवस्था फेरिएको छैन ।

राजनीतिक अस्थिरता कायमै छ, शैक्षिक संस्थाहरूमा हुने राजनीति उस्तै छ, अनि रोजगारीका अवसरहरू सृजना हुनसकेका छैनन् । रोजगारीको अवसर सृजना हुन नसक्दा युवा पुस्तामा विदेश जाने होड नै चलेको छ ।

त्यही होडमा छन् आईटीमा स्नातक गरेका धादिङका विकल श्रेष्ठ (२८) । यो वर्ष नभए अर्को वर्ष राम्रो होला कि भन्ने आशमा सात वर्ष बित्दा पनि आफूलाई खर्च जुटाउन बाहेक केही नभएपछि बेलायत जाने निर्णयमा पुगेको उनले सुनाए ।

उनी भन्छन्, 'यहाँ काम नै पाइँदैन, पाएकाले पनि थोरै तलबमा काम गर्नुपरेको छ । त्यसैले धेरै विदेश जान खोजिरहेका हुन्, त्यसमध्ये म पनि एक हुँ ।'

भर्खरै स्टाफ नर्सको पढाइ पूरा गरेकी ज्योति बोहरा यहीं जागिर गर्ने सोचमा थिइन् । तर नर्सले पाउने तलब सुनेपछि भने विदेश नै जाने निर्णयमा पुगेकी छिन् ।

'कतै आठ हजार रे कतै १०, कतै १२ हजार मात्रै दिन्छौं भन्छन्' क्यानडा जान लागेका भाइको कागजात रुजु गराउन वैदेशिक अध्ययन अनुमति पत्र शाखामा पुगेकी ज्योति भन्छिन्, 'नर्स पढ्दा १२ लाख बढी खर्च भयो, त्यति तलब खाएर कहिले खर्च उठाउनु, कहिले कमाउनु ?'

क्यानडामा कामसँगै पीआर पाउन सहज हुन्छ भन्ने सुनेकी उनी २३ असारमा दिएको लाइसेन्स परीक्षाको नतिजा आएपछि प्रक्रिया अगाडि बढाउने सोचमा छिन् ।

कागजात रुजु गराउन छोराछोरीलाई वैदेशिक अध्ययन अनुमति पत्र शाखा, भक्तपुरमा पुग्ने अभिभावकहरू पनि रोजगारीको अवसर नहुँदा युवाहरू विदेश जाने गरेको बताउँछन् ।

सिभिल इन्जिनियरिङ पढेका छोरालाई स्नातकोत्तर पढ्न अष्ट्रेलिया पठाउने तयारीमा रहेका राजाराम केसी भन्छन्, 'मुख्य त अवसर नै पाउँदैनन् । अहिले पढेका बच्चाहरू धेरै छन्, अवसर छैन अनि बाध्य भएर जान्छन् । पश्चिमा प्रभावले पनि काम गरेको होला ।'

**बढ्दोछ विदेशिने संख्या**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन शाखाको तथ्यांकले पनि हरेक वर्ष वैदेशिक अध्ययनमा जानेको संख्या बढिरहेको देखाउँछ ।

वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) शाखाको तथ्यांक अनुसार २९ पुस २०७७ देखि १६ पुस २०७८ सम्म (२०२१ जनवरीदेखि डिसेम्बरसम्म) ४४ हजार ८१२ जनाले एनओसी लिएका थिए । त्यो वर्ष सबभन्दा बढी ११ हजार ७११ जनाले जापान जान एनओसी लिएका थिए ।

अष्ट्रेलियाका लागि ८ हजार ६८० जना, अमेरिकाका लागि ४ हजार २८७ जना, क्यानडाका लागि ४ हजार १८४ जना र संयुक्त अधिराज्य (यूके) का लागि ४ हजार ५१५ जनाले एनओसी लिएका थिए ।

अर्को वर्ष यो संख्या झण्डै ४४ ले प्रतिशत बढ्यो । १७ पुस २०७८ देखि १६ पुस २०७९ सम्ममा १ लाख २ हजार ५०० जनाले वैदेशिक अध्ययनमा जान अनुमति लिए । यो वर्ष अष्ट्रेलियाका लागि मात्रै ६६ हजार ८०२ जनाले एनओसी लिएका थिए । अमेरिकाका लागि ५ हजार १२० जना, क्यानडाका लागि ११ हजार ३२ जना, जापानका लागि १६ हजार १५७ जना र यूकेका लागि ७ हजार ६२७ जनाले एनओसी लिएका थिए ।

२०७७ साल भदौदेखि अनलाइन आवेदन लिन थालेको शाखाले सुरुको दुई वर्ष अंग्रेजी महिना अनुसार तथ्यांक तयार पारेको थियो । तर पछिल्लो समय आर्थिक वर्ष अनुसार विवरण राख्न थालिएको छ, । जसअनुसार आर्थिक वर्ष २०७९/८० मा १ लाख १० हजार २१७ जनाले एनओसी लिएको शाखा प्रमुख वासुदेव वस्ती बताउँछन् ।

१११ देशका लागि एनओसी आवेदन परेकोमा सबभन्दा बढी अष्ट्रेलियाका लागि ३३ हजार ९९१ जनाले एनओसी लिएका छन् । क्यानडाका लागि २१ हजार ५४४ जना, जापानका लागि २१ हजार ६५८ जना र यूकेका लागि १० हजार ५२७ जनाले एनओसी लिएका छन् ।

पूर्व शिक्षामन्त्री शिशिर खनाल युवालाई नेपालमा रोजगारीको अवसर दिन नसक्दा विदेशिनेको संख्या बढेको स्वीकार गर्छन् । 'एकातिर उच्च शिक्षाको गुणस्तर प्रति विश्वास घट्दो छ भने पढिसकेपछि पनि रोजगारीको अवसर देखिदैन' खनालले भने, 'नेपालमा पढेर भविष्य सुरक्षित बनाउन सकिन्छ भन्ने वातावरण तयार नहुँदा विद्यार्थीमा निराशा छाएको देखिन्छ ।'

ठीक विपरीत विदेशमा पढ्दै काम गर्दा पनि आम्दानी गर्न सक्ने र पढिसकेपछि योग्यता अनुसार काम पाउने अवसर हुने भन्दै उनले भने 'अहिलेदेखि बाहिर गयो भने भविष्य सुरक्षित हुन्छ भन्ने भावनाले प्रेरित भएको देख्छु ।'

शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला पनि आशा जगाउनेभन्दा बढी निराशा छर्नेहरू धेरै भएकाले पनि युवा पुस्ताले यहाँ भविष्य नदेखेको बताउँछन् । विद्यार्थीलाई सम्भावना देखाइदिने, सम्भव बनाउने उपाय बताइदिने नहुँदा विदेशिएको उनको तर्क छ ।

भन्छन्, 'उनीहरूलाई आशा जगाउने कोही पनि भएन । कन्सल्टेन्सी, पत्रकार, प्राज्ञिक, नेता भनाउँदाले केही छैन भनेपछि किन बस्छन् उनीहरु ?'

**रमिते सरकार**

वैदेशिक अध्ययनमा जाने विद्यार्थीको संख्यासँगै नेपालबाट बाहिर जाने रकम पनि बढेको छ । राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार आर्थिक वर्ष २०७७/७८ मा २४ अर्ब ९६ करोड रुपैया विद्यार्थीका कारण विदेशिएको थियो ।

आव २०७८/०७९ मा यो रकम बढेर ६७ अर्ब ७० करोड पुग्यो । आव २०७९/८० को ११ महिनामा ८९ अर्ब १८ करोड रुपैया बाहिरिएको छ । यसले प्रत्यक्ष रूपमा नेपालको अर्थतन्त्रलाई प्रभाव पारेकै छ । विदेश जाने बढ्दो संख्याको प्रभाव योभन्दा धेरै विस्तारित हुने बताउँछन्, त्रिवि मानवशास्त्र केन्द्रीय विभाग प्रमुख डम्बर चेम्जोङ । उनका अनुसार अध्ययनका लागि विदेशिनेको संख्या बढ्दै जाँदा सामाजिक मूल्य-मान्यतामा समेत प्रभाव परिरहेको छ । अभिभावकमा आफ्ना छोराछोरीलाई विदेश पठाउनैपर्छ, पठाउन सकिएन भने प्रतिष्ठामै प्रश्न उठ्छ भन्ने सोच बढ्दै गएको छ ।

नेपाली समाजभित्र आर्थिक, शैक्षिक, राजनीतिक, सामाजिक हरेक हिसाबले प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति विद्यार्थीका रूपमा पलायन भइरहेको र उनीहरू फर्केर आउनसक्ने सम्भावना न्यून भएकाले समग्र क्षेत्र प्रभावित हुने उनको विश्लेषण छ । चेम्जोङले भने, 'अहिले यहीं पनि राम्रो गरिरहेकाहरू थप राम्रो अवसरको खोजीमा र राम्रो पढिरहेकाहरू यहाँ भविष्य नदेखेर विदेशिइरहेका छन् । यसले भोलि हामी दक्ष जनशक्तिविहीन हुने अवस्था समेत आउन सक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'जय हो' गीतमा केकीसँग रोमान्टिक सलोन



काठमाडौं/आगामी भदौ ८ गतेबाट प्रदर्शन हुन लागेको टेक पौरखी राईद्वारा निर्देशित फिल्म 'जय हो'को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'जोमसोमको डाँडैमा हिउँ खेल्न जाने कि' बोलको रोमान्टिक भावको गीतमा शम्भुजित बाँस्कोटाको शब्द रचना तथा संगीत रहेको छ भने सुरेश लामा र अस्मिता अधिकारीको युगल स्वर छ ।

मुस्ताङको सेटिङमा खिचिएको गीतको भिडियोमा फिल्मका प्रमुख चारजना कलाकारहरु माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, केकी अधिकारी र सलोन बस्नेत फिचर्ड छन् । निशा र माओत्से जोडीको रुपमा प्रस्तुत गीतमा केकी र सलोनलाई रोमान्टिक भावमा नृत्य गर्दै देख्न सकिन्छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतमा स्थानीय भेषभुषालाई प्राथमिकता दिइएको छ ।

प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुवि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय रहेको फिल्ममा शम्भुजितका साथै सागर आले मगरको संगीत, सौरभ लामाको छायांकन, सम्राट बस्नेत द्वन्द्व, कविराजसँगै रामजी लमिछानेको कोरियोग्राफी, सुरेश न्यौपानेको लेखन र बनिश शाहको सम्पादन छ । शोभित बस्नेत प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता राज के अधिकारी र सुरज सरकार हुन् ।

# विपिनको तर्क : 'सोचेको जस्तो रोल कहिल्यै पाइन्न'



काठमाडौं/अभिनयमा अब्बल मानिएका अभिनेता विपिन कार्की यतिबेला सफलताको उचाइँमा छन् । फिल्म व्यावसायिक रुपमा सफल होस् वा नहोस्, न उनको अभिनयको प्रशंसा हुन रोकिएको छ न त व्यस्तता घटेको छ । यस वर्ष फिल्म 'पशुपति प्रसाद २'को छायांकन भ्याएका उनले आगामी भदौबाट फिल्म 'ऊनको स्विटर'मा काम गर्दैछन् । उनको पाइनलाइनमा फिल्म 'महाजात्रा' पनि रहेको छ ।

प्राय: फिल्ममा फरक भूमिका निर्वाह गर्दै आफूलाई भर्सटायल अभिनेताको रुपमा चिनाएका विपिन कलाकारले सोचेको जस्तो रोल भने कहिल्यै नपाउने धारणा राख्छन् । आइतबार एक कार्यक्रममा उनले भने, 'आफूले चाहेको र सोचेको जस्तो रोल कहाँ पाइन्छ र ! कलाकारले त अरुले दिएको रोलमा काम गर्ने हो । कि निर्देशन गर्नुपर्‍यो । आफूले चाहेको जस्तो रोल कहिल्यै पाइन्न होला ।'

निर्देशकको सोचलाई साकार बनाउने कोशिश आफ्नो रहने विपिनको भनाई छ । उक्त कार्यक्रममा पत्रकारले 'तपाईंको ड्रिम रोल कस्तो हो ?' भनेर सोधेको प्रश्नमा उनले ठट्यौली शैलीमा भने, 'अब मेरा आउने फिल्महरुमा काम गर्ने नै मेरो ड्रिम हो ।' 'ऊनको स्विटर'मा विपिनको जोडी अभिनेत्री मिरुना मगरसँग बाँधिएको छ । यस अगाडि उनीहरुले फिल्म 'लालपूर्जा'मा काम गरेका थिए ।

एकपटक फेरि मिरुनासँग काम गर्नका लागि आफू उत्साहित रहेको विपिनले बताए । 'हामीले 'लालपूर्जा'मा सहकार्य गरेका थियौं । फिल्ममा हाम्रो एउटा सिनमा मात्र भेट भएको थियो । यद्यपि, त्यो फिल्मबाट चिनजान भयो । अहिले हामी एकसाथ आउँदा केही उल्लेखनीय हुन्छ जस्तो लाग्दैछ,' कार्कीले भने । आर्टमाण्डूको निर्माण रहने 'ऊनको स्विटर'लाई नवीन चौहानले निर्देशन गर्नेछन् ।

## सारुकको सम्झनामा बौद्ध स्तुपामा दीप प्रज्वलन गरिने

काठमाडौं/गत असार २१ गते घरमा आत्महत्या गरेका अभिनेता सारुक ताम्राकारको चिरशान्तिको कामना गर्दै दीप प्रज्वलन गरिने भएको छ । सारुकको निधनको १४औं दिनमा बुधबार बौद्धस्थित बौद्ध स्तुपामा दीप प्रज्वलन गरिन लागिएको हो । सारुकको सम्झनामा हुन लागेको दीप प्रज्वलनमा सहभागी हुनका लागि अभिनेत्री सृष्टि श्रेष्ठलगायतका कलाकारहरुले एक पोस्टमार्फत् आग्रह गरेका छन् ।

'यस शान्ति भेलामा, हामी मक्खन बत्ती र मैनबत्तीहरू प्रज्वलन गर्नेछौं । शान्तिको क्षेत्रमा सारुकको यात्रा ज्योतिको प्रतीक हुनेछ,' सारुकको सम्झनामा आयोजना हुन लागेको दीप प्रज्वलनबारे जानकारी दिन तयार पारिएको एक पोस्टरमा भनिएको छ, 'आउनुस् हामी सारुकसँगका यादलाई सम्झियौं र सामूहिक रूपबाट उसको शान्तिपूर्ण यात्राका लागि आफ्नो प्रेम तथा शुभकामना पठायौं ।'

साँझ ६ बजेदेखि ७ बजेसम्म दीप प्रज्वलन गरिने जनाइएको छ । दीप प्रज्वलनमा सारुकको न्यायका लागि आवाज उठाउँदै उचित छानबिनको माग गरिरहेका कलाकारहरु सहभागी हुने जानकारी प्राप्त छ । अहिले प्रहरीले सारुकले आत्महत्या गर्नुको कारण पत्ता लगाउन उनको मोबाइल जाँचबुझदेखि अनुसन्धानका लागि उनको घर अगाडिको सिसी क्यामेराको फुटेज लगिसकेको छ ।

फिल्म 'रानी'बाट करिअरको सुरुवात गरेका सारुक अभिनयमा कुशल थिए । अभिनयसँगै केही सर्ट फिल्मको निर्देशन र 'त्यान्द्रो' फिल्ममा उनले असिस्टेन्ट डाइरेक्टर भएर समेत काम गरेका थिए । उनी अभिनीत पछिल्लो रिलिज फिल्म 'इन्टु मिन्टु लण्डनमा' हो ।

करिब ३ वर्षपछि फिल्म 'ह्यासट्याग माया'मा काम (निधनको दिनसम्म पनि) गरिरहेका उनको निधनले फिल्म क्षेत्र स्तब्ध छ ।

**सटर भाडामा दिने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित : २०८०/०४/०२*

हेटौंडा अस्पतालको पश्चिमपट्टी चाइनागेटसंगै जोडिएको नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाको निजी स्वामित्वमा रहेको नवनिर्मित ३ वटा सटरहरु वढावढको आधारमा भाडामा लगाइने भएको हुँदा इच्छुक व्यक्ति, कम्पनी तथा व्यवसायीहरुलाई तुरुन्त सम्पर्क राख्न यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सटर तथा कोठाको विवरण र न्यूनतम भाडादर :**

क) सटर नं. १ र २ (२ वटा) मासिक रु.१०,०००।००
ख) सटर नं. ३ (१ वटा) मासिक रु.८,०००।००

- एक वा २ भन्दा वढी सटरको लागि पनि निवेदन दिन सकिने छ,
- शिलवन्दी निवेदन फारम पेश गर्नु पर्नेछ,
- न्यूनतम भन्दा घटी रेटमा पर्न आएका निवेदन रद् हनेछ,

अन्य विस्तृत जानकारीको लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ,

**नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखा**
हेटौंडा १, फोन नं ०५७-५२०७११

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS H.A. LAB TECHNICIAN RADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८०/०८१ को लागि निम्न कार्यक्रमहरूमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवं अनभवी प्राध्यापकहरूद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त - OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक बातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरूलाई प्रोजेक्टरको माध्उमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा

**स्वीकृत सिट संख्या**

Health Assistant - ४० सिट
Lab Technician - ३० सिट
Radiography - ३० सिट

फारम शुल्क रू.१५००/-

- फारम वितरण मिति: २०८०/०३/२९ गते शुक्रवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८०/०४/१२ गते शुक्रवार बेलुका ४:३०

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौंडा-४, भैरव रोड, सम्पर्क : ०५७-५२१८५२

**"तपाईं, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

साझाकुरा

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा** राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# हेटौंडा बसपार्कबाट ९ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बागमती प्रदेशको राजधानी हेटौंडाको बसपार्कबाट ९ जना युवायुवाती पक्राउ परेका छन । आइतवार राती हेटौंडा-१० बसपार्क टिसिएनमा रहेको एसियन गेष्ट हाउस एण्ड रेष्टुरेन्टबाट आपत्तिजनक अवस्थामा ९ जना युवायुवती पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले आपत्तिजनक अवस्थामा राती होटलबाट उनीहरुलाई नियन्त्रणमा लिएको थियो ।

स्थानीयवासीका अनुसार प्रहरी पुगेपछि होटलबाट दुईजना भागेका थिए । प्रहरीले अहिलेसम्म घट्नाबारे थप बिवरण सार्वजनिक गरेको छैन । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट एक मिनेटको दुरीमा सडकमै आपत्तिजनक क्रियाकलाप भईरहदा पनि प्रहरीले नियन्त्रणको कुनै प्रयास नगरेको यहाँका स्थानीयको आरोप छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी विट समेत बसपार्क क्षेत्रमै रहेपनि यहाँका होटलहरुमा अनैतिक क्रियाकलाप हुने गरेको स्थानीय बताउँछन् ।

छिमेकी मुलुक भारतको बिहारमा मदिरा सेवन रोक लगाईए पछि अहिले हेटौंडामा बिहारबाट मदिरापान गर्न तथा अनैतिक कार्यका लागि युवाहरु आउने गरेका छन् । हेटौंडाको बसपार्क क्षेत्रमा पछिल्लो समय देहव्यपार मौलाएको छ । बसपार्कको बिभिन्न होटलमा होटल संचालक तथा एजेन्टको मिलोमत्तोमा उमेरै नपुगेका साना बालिकाहरु प्रयोग हुने गरेको तथ्य खुलेको छ ।

आइतवार राती हेटौंडा-१० बसपार्क टिसिएन क्षेत्रमा रोडमै खुलेआम अनैतिक क्रियाकला तथा मोलमोलाई भएपछि त्यहाँका स्थानीयले प्रतिकार गर्नुका साथैं प्रहरी बोलाएर घट्नाबारे जानकारी गराएका थिए । यहाँका एक स्थानीयले भने-व्यवसाय गर्न पाइयो तर, खुलेआम देहव्यपार हुनुभएन । परिवारसँग साँझ घरबाहिर निस्कन नसकिने स्थिति भयो, ति स्थानीयले भने हेटौंडाको टिसिएन क्षेत्रमा गलत क्रियाकलाप बढ्यो । कोभिड-१९ पछि हेटौंडामा देह व्यवपार मौलाएको यहाँका स्थानीयको भनाई छ ।

प्रहरीले गेष्ट हाउस संचालक हेटौंडा-२ बस्ने ४१ बर्षीय बिक्रम श्रेष्ठ सहित ७ जना महिलालाई नियन्त्रणमा लिएको हो । प्रहरीले आवश्यक अनुसन्धान गरि रहेको प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । प्रहरीले गेष्ट हाउसबाट हेटौंडा उपमहानगर पालिका-१ चाईना क्वाटर बस्ने २६ बर्षीया प्रमिला लामा, हेटौंडा-११ थानाभन्याङ बस्ने २२ बर्षीया पूजा लामा, भीमफेदी गाउँपालिका-२ बस्ने २३ बर्षीया ममता लामालाई होटलबाट नियन्त्रणमा लिएको प्रहरीले बताएको छ ।

त्यस्तै सुनसरी ईटहरी नगरपालिका-१० बस्ने २१ बर्षीया बिनिता राई, धरान उपमहानगर पालिका-१० बस्ने २० वर्षीय सुवर्ण राई, चितवन भरतपुर महानगर पालिका-११ बस्ने २१ बर्षीय आशु दराई, ईलाममाई नगरपालिका ८ बस्ने २६ बर्षीया मन्जिला शेर्पालाई नियन्त्रणमा लिएको प्रहरीले बताएको छ ।

# सवारी दुर्घटनामा दुई जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा १ साउन/ मकवानपुरको जिल्ला प्रहरी कार्यालय अगाडि सोमबार साँझ भएको सवारी दुर्घटनमा एक जनाको ज्यान गएको छ । जिल्ला प्रहरी कार्यालय अगाडिको मोडमा शिवम सिमेन्टबाट थानाभन्याङतर्फ जादै गरेको ना.६ ख ८८९० नं.को ट्रकले पैदलयात्रीलाई ठक्कर दिएको हो । हेटौंडा-१० का ६३ बर्षीय लालबहादुर घिसिङलाई बाटो क्रस गर्दै गरेको अवस्थामा ट्रकले ठक्कर दिदा दुबै खुट्टा र टाउकोमा चोट लागेको थियो ।

ठक्करबाट गम्भिर घाइते भएका घिसिङलाई उपचारको लागि हेटौडा अस्पताल पठाइएको र उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ । घिसिङको शव हेटौंडा अस्पतालमा रहेको, ट्रक र चालक प्रहरीको नियन्त्रणमा रहेको प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिएका छन् । घटनास्थलमा प्रहरीनिरीक्षक बिक्रम खड्कामगरको कमाण्डमा १५ जनाको टोली खटिएको प्रहरीले बताएको छ ।

यसैगरी जीतपुरसिमरा-२३ स्थित चुरियामाई नजिकै पूर्वपश्चिम राजमार्ग सडक खण्डमा हेटौंडाबाट बीरगंज जाँदै गरेको प्र.२-०३-०१२ प ८८५० नं.को मोटरसाइकल दुर्घटना हुँदा हेटौंडा-१५ का ३५ वर्षीय शंकर तामाङको मृत्यु भएको छ ।

मोटरसाइकल सडकको बाँया साईडबाट करिब ३० फिट तल खसेको प्रहरीले बताएको छ । घाइते तामाङको उपचारको लागि हेटौडा अस्पताल ल्याइएको र उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# उत्कृष्ट विद्यार्थीलाई उपमहानगरको सम्मान




साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/विभिन्न संकायमा अध्ययन गरी उच्चअंक सहित नेपाल प्रथम हुने विद्यार्थीलाई हेटौंडा उपमहानगरपालिकाले सम्मान गरेको छ ।

विद्यार्थीलाई अध्यापनका लागि प्रेरणा मिलोस भन्ने उद्देश्यसहित उपमहानगरले नगदसहित प्रशंसापत्र प्रदान गर्दै सोमबार सम्मान गरेको हो । हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले २०७९ सालको एसईई परीक्षामा हेटौंडा-७ को तासिर इङ्गलिस बोर्डिङ स्कुबाट सहभागी बनेकी डाफिन राइ, मकवानपुर बहुमुखी क्याम्पसबाट बिबिए सातौं सेमष्टरमा सहभागी हेटौंडा-९ की सृष्टी महर्जन र मकवानपुर क्याम्पसबाटै २०७८ सालको बिबिएसमा सहभागी हेटौंडा-६ का प्रकाश गौतमलाई सम्मान गरेका हुन् ।

एसईइमा सहभागी डाफिनले ४ जिपीए तथा बिबिएम सातौं सेमेष्टरमा सहभागी सृष्टीले र बिबिएसमा सहभागी प्रकाशले सामुदायिक क्याम्पसतर्फ नेपाल टप गरेका थिए । सम्मान गर्दै हेटौंडा उपमहानगरका नगरप्रमुख लामाले आर्थिक अभावका कारण कसैले पनि पढ्न नपाउने वातावरण नगरले नबनाउने बताइन् । उनले नगरको शैक्षिक अवस्था सुधारका लागि उपमहानगरपालिकाले काम गरिरहेको विश्वास दिलाएकी छन् । शैक्षिक गुणस्तर सुधारमा सामुदायिक क्याम्पस र विद्यार्थीले गरेको मिहेनतको प्रशंसा गर्दै उच्चअंक ल्याउने सबैलाई बधाई दिइन् । उपमहानगर आफैंले सञ्चालन गर्नेगरी इन्जिनियरिङ कक्षा चलाउनका लागि पहल भइरहेको भन्दै नयाँ विषय र टेक्निकल कक्षा सञ्चालन अहिलेको आवश्यकता भएको बताइन् ।

कार्यक्रममा उपप्रमुख बानियाँले शिक्षामा उज्वल भविष्य बोकेका विद्यार्थीको अध्यापनमा उपमहानगरले कुनै कसर बाँकी नराख्ने बताए । शैक्षिक गुणस्तर राम्रा भएका विद्यार्थीलाई नेपालमै टिकाउनका लागि ठोस कार्यक्रम आवश्यक भएको बताए । सम्मान कार्यक्रममा हेटौंडा उपमहानगर पालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, उपमहानगरका विज्ञ सल्लाहकार कृष्ण धिताल, शिक्षा महाशाखा प्रमुख गंगाधर रिमाल, तासिर इङ्गलिस बोर्डिङका प्रिन्सिपल बिनोद थपलियाको आतिथ्यता रहेको थियो ।

# मत्स्य केन्द्र हेटौंडाको १३ विघा जग्गा अतिक्रमण



साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडाको नाममा रहेको जग्गा र भवन अतिक्रमण भएको खुलेको छ । मत्स्य प्रवर्द्धन केन्द्र हेटौंडा-५ को नाममा रहेको ४९ हेक्टर जग्गामध्ये १३ बिगा १३ कठ्ठा १० धुर जग्गा अतिक्रमण भएको खुलेको हो ।

मत्स्य प्रवर्द्धन केन्द्र हेटौंडाले आफ्नो अतिक्रमित भएको जग्गाको विवरण जिल्ला प्रशासन कार्यालय मकवानपुरलाई जेष्ठ ८ गते जानकारी गराएको छ । जानकारीपत्र अनुसार कित्ता नं. ९६ को ८ बिघा १३ कठ्ठा १८ धुर जग्गामा पिप्ले युवा क्लबले रङ्गशाला निर्माण, हेल्थपोष्ट र कार्यालयको भवन समेत अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरिएको जनाएको छ । पत्रअनुसार कित्ता नं. ९६ को २ कठ्ठा १.५ धुर अतिक्रमित जग्गामा उद्धव चौलागाईंले जस्ताको टहरा बनाई पसल सञ्चालन गरेका छन् भने सनम श्रेष्ठले १ कठ्ठा १.५ धुर जगमा जस्ताकै टहरा बनाइ रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएको उल्लेख छ ।

त्यसैगरी कृष्णप्रसाद पुरी, रामकृष्ण कुँवर, विष्णु दंगालले क्रमश : १ कठ्ठा १२ धुर, १ कठ्ठा ३ धुर, २ कठ्ठा ५ धुर सरकारी जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गरी रेष्टुरेन्ट सञ्चालन गर्न भाडामा दिएको खुलेको हो । जीतलाल महर्जनले १ कठ्ठा ३ धुर जग्गा अतिक्रमण गरी जस्ताको टहरा बनाई पसल सञ्चालन गरेका छन्, भने प्रेमबहादुर परियारले १ कठ्ठा क्षेत्रफलमा रहेको केन्द्रको भवन नै अतिक्रमण गरी कुखुरापालन गरेको तथ्य बाहिर आएको छ ।

त्यसैगरी कार्यालयले जिल्ला प्रशासन कार्यालयलाई पठाएको पत्रअनुसार कालु स्याङ्तान र पदमबहादुर खड्काले १ कठ्ठा ५ धुर र २ कठ्ठा चार धुर जग्गा अतिक्रमण गरी रेष्टुरेन्ट सञ्चालन गरिरहेको बताएको छ ।

# चट्याङबाट बागमतीमा पाँच वर्षभित्र ६२ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बागमती प्रदेशमा चट्याङको कारण विगत पाँच वर्षमा ६२ जनाको मृत्यु भएको छ । पछिल्लो पाँच वर्षमा चट्याङका कारण देशभर ४ सय १९ जनाले ज्यान गुमाएका छन् ।

बागमतीसहित देशका ७ वटै प्रदेशमा ६ करोडभन्दा बढी आर्थिक क्षति चट्याङका कारण पुगेको राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणले जानकारी दिएको छ । प्राधिकरणका अनुसार २०७५ सालदेखि हालसम्म सबैभन्दा बढी कोशी प्रदेशमा एक सय ८ र सबैभन्दा कम कर्णाली प्रदेशमा २५ जनाले चट्याङका कारण ज्यान गुमाएका छन् । चट्याङका कारण लुम्बिनी प्रदेशमा ७८, मधेश प्रदेशमा ६९, बागमती प्रदेशमा ६२, सुदूरपश्चिम प्रदेशमा ४३ र गण्डकी प्रदेशमा ३६ जनाले ज्यान गुमाएका छन् ।

पाँच वर्षको अवधिमा चट्याङका कारण ६ करोड ८ लाख ८५ हजार ७ सय ६० बराबरको आर्थिक क्षति भएको छ । जसमध्ये सबैभन्दा बढी कोशी प्रदेशमा अनुमानित दुई करोड ७९ लाख ३४ हजार ५ सय र सबैभन्दा कम कर्णाली प्रदेशमा २३ लाख ९२ हजार ४ सय ३० को क्षति पुगेको प्राधिकरणले जनाएको छ । लुम्बिनी प्रदेशमा ९२ लाख ३८ हजार ३ सय ३०, बागमती प्रदेशमा ७९ लाख ८२ हजार, मधेस प्रदेशमा ५९ लाख ७९ हजार, गण्डकी प्रदेशममा ४९ लाख ३६ हजार ५ सय र सुदूरपश्चिम प्रदेशमा २४ लाख ३३ हजार बराबरको आर्थिक क्षति पुगेको हो ।

चट्याङका कारण मुलुकभर कूल ५७ वटा भौतिक पूर्वाधार क्षति पुगेको छ । जसमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १५ र सबैभन्दा कम गण्डकी प्रदेशमा ४ क्षति भएको छ । कोशी प्रदेशमा १४, कर्णाली प्रदेशमा ७, मधेस र बागमती प्रदेशमा ६/६ र सुदूर पश्चिम प्रदेशमा ५ वटा पूर्वाधारमा क्षति पुगको छ । सो अवधिमा कूल तीन हजार एक सय ८७ वटा पशुचौपायाको क्षति पुगेको छ ।

जसमध्ये कर्णाली प्रदेशमा एक हजार पाँच सय चार, मधेस प्रदेशमा ३५, सुदूरपश्चिम प्रदेशमा आठ सय ४७, कोशी प्रदेशमा दुई सय ८९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ७१ र बागमती प्रदेशमा ७२ वटा पशुचौपायामा क्षति भएको प्राधिकरणले जानकारी दिएको छ ।

# सुत्केरीलाई पोषणा सामग्री दिँदै वडा कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/पूर्वी मकवानपुरको बागमती गाउँपालिका ८ नं. वडा भित्र सुत्केरी हुने महिलालाई पोषणा सामग्री उपलब्ध गराईने भएको छ ।

८ नं. वडा अध्यक्ष इन्द्रमणी तिमल्सिना (केशव) ले आफ्नो तलववापत प्राप्त हुने र कमले वडाभित्र सुत्केरी हुने महिलालाई सुत्केरी पोषणा सामग्री उपलब्ध गराउने भएका हुन् । २०८० साउन १ गतेदेखि २०८१ असार मसान्तसम्म सुत्केरी हुने महिलालाई पोषणा सामग्री उपलब्ध गराउन लागिएको हो ।

सुत्केरी महिलाको पोषणमा सुधार ल्याउने उद्देश्यले मैले मेरो व्यक्तिगत खर्चबाट सुत्केरी पोषण सामग्री उपलब्ध गराउने निर्णय गरेको हुँ, ८ नं. वडा अध्यक्ष तिमल्सिनाले भने । उनले सुत्केरी भएको १५ दिनभित्र सम्बन्धित परिवारको सदस्यले वडा कार्यालयमा उपस्थित भएर जानकारी गराउनुपर्ने, स्वास्थ्य संस्थामा सुत्केरी गराएको प्रमाणपत्र (बर्थ सर्टिफिकेट) र बच्चाको जन्मदर्ता गराएको प्रमाणपत्र पेश गर्नुपर्ने जानकारी दिए ।

# अटो दुर्घटनामा परी तीन जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ पूर्वपश्चिम राजमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका वडा नं. १९ सान्नानटारमा अटो दुर्घटना भएको छ । सोमबार बिहान तपोवनबाट सान्नानटारतर्फ आउँदै गरेको ना २ ह २५८३ नम्बरको अटो आफैं अनियन्त्रित भएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

दुर्घटनामा परी हेटौंडा उपमहानगरपालिका-७ कमाने बस्ने बर्ष ४० की गंगा फुँयाल, उनको छोरा बर्ष २१ को संदिप फुँयाल र सोही स्थान बस्ने बर्ष ३५ की मीना फुँयाल घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुर प्रहरीनायव उपरीक्षक टेकबहादुर कार्कीले बताए । सामान्य चोट लागेको तीनै जनालाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको उनले बताए । अटो र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# मकवानपुरमा दुईजना झुडिएर आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-४ पुरन्डीस्थीत थाहा नगरपालिका-५ दामन बस्ने बुद्ध मोक्तानको श्रीमती बर्ष अं. २४ की स्वस्तिका डिम्डुङले आफ्नै माईतीघरको जस्ताले छाएको टिनको टहरा भित्र बलोमा सलको पासो लगाई झुण्डी मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीचौकीबाट प्रसनि मुकेशकुमार मिश्रको कमाण्डमा घटनास्थलमा प्रहरी पुगेको थियो । प्रहरीले थप नुसन्धान गरिरहेको बताइएको छ ।

यसैगरी ईप्रका मकवानपुरगढीले दिएको जानकारी अनुसार मकवानपुरगढी-७ सातकन्या पाखामा स्थानीय ५५ बर्षीय बीरबहादुर मोक्तान घरबाट अ. १५० मिटर पूर्व खनायोको रुखमा नाईलनको डोरी भएको नाम्लोको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेका छन् । स्थानीयबाट खबर प्राप्त हुनासाथ प्रनानि रामशरण दुलालको कमाण्डमा टोली खटिएको थियो । घट्नास्थल मुचुल्का तथा थप अनुशन्धानको लागि जिल्ला प्रहरी कार्यालयबाट टोली खटिएको बताइएको छ ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



## गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**


## निर्माण व्यवसायी संघ मकवानपुरको जारी सूचना

निर्माण व्यवसायी संघ मकवानपुरमा आवद्द रहि देशभरी नै विभिन्न क्षेत्रहरुमा निर्माण कार्य गर्दै आएको व्यवसायीहरुले आफ्नो निर्माण कार्य स्थलमा जोखिमयुक्त कामसमेत गर्नुपर्ने तथा विकट स्थलहरुमा समेत निर्माण कार्य साइड भ्रमण गर्नुपर्ने हुँदा यस संघले सम्पुर्ण व्यवसायीहरुको सामुहिक दुर्घटना बीमा, जीवन बीमा, अङ्गभङ्ग समेतको बीमा गरिने भएको हुँदा यस संघमा नवीकरण भएका तथा संघको सिफारीस अनुसार गा.पा./ना./पा. नवीकरण गर्नुहुने व्यवसायीहरुको मात्र जीवन बीमा गरिने भएको हुँदा समयमा नै यस संघको सदस्यता नवीकरण गरी लाभ लिनु हुन तथा जरिवाना तथा हर्जानाबाट बच्नुहुन अनुरोध गरिन्छ ।

राजेन्द्र प्रसाद चौलागाँई (महासचिव)

**निर्माण व्यवसायी संघ मकवानपुर**

हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूको आ.ब. २०७९/०८० को कारोबार बिवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक बर्ष २०८०/०८१ को कारोबार सुचारू गर्नु पर्ने कानुनी प्राबधान रहेकोले मिति २०८० श्रावण १ गते देखि अर्को सूचना नभए सम्मको लागि उद्योगबाट नदीजन्य पदार्थको विक्री वितरण कार्य बन्द गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार यो सार्वजनिक सूचना जारी गरिएको छ ।

हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## राजश्व संकलन कार्य बन्द हुने सम्बन्धमा

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरू आर्थिक बर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्थांक अद्याबधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गते देखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरू तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरू बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्राहीहरूमा निर्देशानुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहिमा परेको असुबिधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।


त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित

## हेटौंडा कृषि तरकारी बजार

हेटौंडा-४, मेनरोड, नारायणी मल संगै

यस तरकारी बजारको सेवाहरू:




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्को लागि छिटै सम्पर्क गर्नुहोला

९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना